विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९



सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ७ ♦ अंक ११५ ♦ २०८० साल माघ १ गते सोमवार ♦ 15 Jan 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com


## सम्सी गाउँपालिकामा वडाध्यक्षहरुले गरे तालाबन्दी

**खबर दर्पण समाचारदाता**
**पुस २९ गते, बर्दिवास**




महोतरीको सम्सी गाउँपालिकामा वडाध्यक्षहरुले गाउँपालिकाको कार्यालयमा तालाबन्दी गरेका छन् । कार्यपालिका बैठकका लागि पत्रचार गरेपनि बैठक बस्न नसकेको र गाउँपालिकाका अध्यक्ष रामनाथ यादव तथा प्रमुख प्रशासकीय अधिकृत गणेशचन्द्र मिश्र मिलेर मनोमानी गरेको भन्दै ५ जना वडाध्यक्षहरुले गाउँपालिकाको कार्यालयमा तालाबन्दी गरेका हुन् ।

वडाध्यक्षहरुले विज्ञप्ति निकाल्दै गाउँसभा विशेष सभाको रेडबुक सार्वजनिक गर्नुपर्ने, आर्थिक वर्ष ०७९/८० र आर्थिक वर्ष ०८०/८१ को खर्च विवरण सार्वजनिक गर्नुपर्ने, कार्यपालिका बैठक यथाशिघ्र बस्नुपर्ने, गाउँपालिकामा कार्यरत ज्यालादारीका कर्मचारीको विवरण सार्वजनिक गर्नुपर्ने र प्रशासकीय अधिकृतको तत्काल सरुवा गर्नुपर्ने माग राख्दै गाउँपालिकाको कार्यालयमा आइतबार तालाबन्दी गरेको हो ।

पुष ५ गते गाउँपालिकाको कार्यपालिका बैठक सम्बन्धमा गरिएको पत्रचार पत्रमै सीमित रहेको र प्रमुख प्रशासकीय अधिकृत गणेशचन्द्र मिश्र लामो समय देखि कार्यालयमा उपस्थित नभएको भन्दै वडाध्यक्षहरुले तालाबन्दी गरेको वडा नं. २ का वडा अध्यक्ष शेष अंजारेले बताए ।

गाउँपालिका कार्यालयमा नआएर जनकपुर बसेर प्रमुख प्रशासकीय अधिकृत काम गर्दै आएको छ । कार्यालयमा नआउँदा गाउँपालिकाको योजनाहरु कार्यान्वयन हुन सकेको छैन । अधिकृत कार्यालय नआउँदा समस्या भएको भन्दै वडाध्यक्षहरु जिल्ला प्रशासन कार्यालय महोतरीको ध्यानाकर्षण गराएको र समस्या समाधानका लागि कुनै पहल नभएपछि तालाबन्दी गर्नु परेको वडा अध्यक्षहरुले बताएका छन् ।

## भारतीय चोरीको गाडीमा नेपाली नम्बर प्लेट लगाउने गिरोह पक्राउ

**खबर दर्पण समाचारदाता**
**पुस २९ गते, महेन्द्रनगर**

धनुषा प्रहरीले भारतीय गाडीमा नेपाली नम्बर प्लेट लगाएर चलाउँदै आएको ४ वटा गाडीसहित ७ जनालाई पक्राउ गरेको छ ।

भन्सार चोरी निकासीका गाडीहरू भारतबाट नेपालमा ल्याई नेपाली नम्बर प्लेट राखी नेपालमा चलाइरहेको गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय धनुषाको विशेष टोलीले ४ वटा गाडीसहित ७ जनालाई पक्राउ गरेको हो ।

प्रहरीले प्रदेश २-०३-००१ च. ११४० नम्बरको क्रेटा, प्रदेश-२-०३-००१ च ०११० नम्बर भएको भिट्रा ब्रेजा, प्रदेश-२-०३-००१ च ५४८७ नम्बरको भिट्रा ब्रेजा, प्रदेश २-०३-००१ च ३७३९ नम्बरको स्कारपीयो अनुसन्धानका लागि नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।



चोरीको तथा भन्सार छली भारती गाडीमा नेपाली नम्बर प्लेट लगाएर बिक्री गरिरहेको आरोपमा महोत्तरी जलेश्वर-३ मलवाराका ५० वर्षीय मोख्तार अन्सारी, लोहरपट्टी-६ का ४० वर्षीय जमजम भन्ने अन्सारूल कवारी, लोहरपट्टी-४ का ३७ वर्षीय अजिम राईन, लोहरपट्टी-६ का २८ वर्षीय मोबारक अली, महोत्तरी मनरासिसवा-६ का ३२ वर्षीय रोशन कुमार ठाकुर, धनुषा जनकपुर-२३ बिन्दीका ३४ वर्षीय अविद नदाफ र धनुषा धनुषाधाम-३ का २८ वर्षीय पंकज शर्मालाई प्रहरीले पक्राउ

*बाँकी पृष्ठ २ मा*

## दुर्घटनामा घाइते भएका एकजनाको उपचारको क्रममा मृत्यु

**खबर दर्पण समाचारदाता**
**पुस २९ गते, बर्दिवास**

महोत्तरीको गौशालामा मोटर साइकल दुर्घटनामा परेर घाइते भएका एकजनाको आइतबार उपचारको क्रममा मृत्यु भएको छ।

मृत्यु हुनेमा गौशाला नगर पालिका-११ कालिपुरका ४५ वर्षीय शिवनाथ ठाकुर रहेका छन । यही पुस २७ गते गौशाला नगरपालिका-९ स्थित इमली बजारबाट डुमरबाना तर्फ जाँदै गरेको ज १२ प ६९२ नम्बरको मोटरसाइकल चलाइरहेको समयमा मोटरसाइकल आफैं अनियन्त्रित भई पल्टिँदा उनी घाइते भएका थिए ।

घाईते ठाकुरको शुभ स्वास्तिक अस्पताल बर्दिबासमा सामान्य उपचारपश्चात थप उपचारका लागि काठमाडौंको टिचिङ अस्पतालमा पठाइएको थियो तर त्यहापनी उनको उपचार सम्भब नभएपछी थप उपचार का लागि भारतर्फ लैजाँदै क्रममा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ।

दुर्घटना ग्रस्त मोटरसाइकल ईलाका प्रहरी कार्यालय गौशाला महोत्तरीमा राखिएको र घटनाबारे अनुसन्धान भइरहेको महोत्तरीका प्रहरी प्रवक्ता डीएसपी दिलिपकुमार गिरीले जानकारी दिए।


# जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै घण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ाँडीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुविधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्षलमययच को व्यवस्था ।

# ३० महिनामा ९ जनाको मृत्यु ....

(कोरोना भाइरस संक्रमण महमारी) को कारणले काम हुन सकेन। पछि ठेकेदारले लापरबाही गऱ्यो।'

चालु आर्थिक वर्षमा सरकारले बसही पुलका लागि १० लाख रुपैयाँ मात्रै विनियोजन गरेको झाले बताए। उनका अनुसार अहिलेको ठेक्का तोडेर अर्को ठेक्का गर्न पनि बजेट सुनिश्चित नभएकाले म्याद थप गर्र्नुपर्ने अवस्था आउनसक्छ।

लक्ष्मीनियाँ गाउँपालिका-४ स्थित सपहीमा हर्दिनाथ नदीको पुल निर्माणका लागि पनि २०७६ साल साउन १२ गते ठेक्का सम्झौता भएको थियो। सम्झौतामा दुई वर्षमा काम पूरा गर्ने शर्त थियो तर साढे चार वर्षमा पनि काम पूरा भएको छैन।

मूल्य अभिवृद्धि कर (भ्याट) सहित १४ करोड ५९ लाख ५८ हजार ८५८ रुपैयाँमा 'सूर्या एन्ड सन्स प्राइभेट लिमिटेड, सुनसरी' ले ठेक्का लिएको थियो। काम सक्ने भनिएको अवधिमा पुलको जग पनि हालिएन। ठेदारले २०८० माघ १३ गतेसम्मको थप म्याद पाएको छ।

इन्जिनियर झाका अनुसार थप म्याद सकिन १५ दिन बाँकी र हँदा ८९ प्रतिशत भौतिक प्रगति भएको छ। भुक्तानी ८७ प्रतिशत भएको छ। चालु आर्थिक वर्षमा यो पुलका लागि पनि सरकारले १० लाख रुपैयाँमात्रै बजेट विनियोजन गरेकाले निर्माण सम्पन्न हुनेमा शंका छ।

'जटही–जनकपुर–ढल्केवर ६ लेनसडक कार्यालय' ले सडक निर्माण पूरा भएपछि एक वर्षअघि दुबै पुल निर्माणको जिम्मेवारी सडक डिभिजन कार्यालय, जनकपुरलाई हस्तान्तरण गरेको थियो।

पुल निर्माणमा ढिलाइ भएको विरोधमा स्थानीयवासीले पटकपटक आन्दोलन समेत गरेका छन्। निर्माण कार्य ढिलो भएको कुरा लिएर आफू पाँचपटक सडक डिभिजन कार्यालय पुग्दा पनि सुनुवाइ नभएपछि एक महिनाअघि चक्काजाम गरेर विरोध जनाएको लक्ष्मिनियाँ गाउँपालिका वडा नम्बर ४ का वडाध्यक्ष र मेशकुमार साहले बताए।

'वरिवरिका बासिन्दालाई धुलोले हैरान पारेको छ। बालबालिका र बुढापाकाहरूको स्वास्थ्यमा गम्भीर असर परेको छ। यहाँ पसल चलाउन कठिन भएको छ,' साहले भने, 'दुईपटक सडक जाम गरेर आन्दोलन गरेपछि मात्रै काम अघि बढ्यो। अहिले फेरि सुस्त भएको छ। हाम्रो पीडा न ठेकेदारले बुझ्छ न सडक डिभिजन कार्यालयले।'काम फटाफट अघि नबढे फेरि आन्दोलन गर्ने उनको चेतावनी छ। -सेतोपती

# भारतीय चोरीको गाडीमा...

गरेको छ। उनीहरुमाथि नक्कली सवारी धनी किताब बनाई बिक्री गर्नेहरुमाथि किर्ते तथा लिखित बदर भन्सार तर्फको कानुनी कारबाही अगाडि बढाइएको छ।

अनुसन्धानको क्रममा पक्राउ परेका गाडीहरूको सवारी धनी तथा सवारी दर्ता किताब सहितको विवरणको लागि यातायात व्यवस्था कार्यालय जनकपुर तथा नारायणी विरगन्ज समेतमा लेखापढी भएकोमा यातायात व्यवस्था कार्यालय जनकपुरमा कुनै पनि रेकर्ड फेला नपरेको प्रहरीले जनाएको छ।

यातायात व्यवस्था कार्यालय नारायणी विरगन्जमा उक्त गाडीहरुको सवारी साधन दर्ता किताब माइक्रो बस र पिकअप गाडीको नाममा रहेको र गाडी धनीहरु पनि अर्कै व्यक्तिहरु रहेको पाइएको छ।

अनुसन्धानका लागि नियन्त्रणमा लिइएका गाडीहरु चोरीको तथा भन्सार छलीको रहेको र उक्त गाडी देखाई नक्कली सवारी धनी किताब बनाई बिक्री गरेको देखिएको छ।


जन्म दर्ता, मृत्यु, विवाह दर्ता जस्ता व्यक्तिगत घटनाहरु समय मै दर्ता गर्नु सबै सचेत नागरीकको कर्तव्य हो।

**रामगोपालपुर नगरपालिका**

**महोत्तरी**


# बैंकहरुबिरुद्ध जनकपुरधामका उद्योगी व्यापारीहरुले गरे बिरोध प्रदर्शन




**खबर दर्पण समाचारदाता**

**पुस २९ गते, महेन्द्रनगर**

जनकपुरधाममा उद्योगी व्यापारी हरुले बैंकहरुबिरुद्ध बिरोध प्रदर्शन गरेका छन्।

आइतबार पीडित उद्योगी व्यवसायी संघर्ष समितिले विभिन्न माग राख्दै जनकपुर धाममा बैंकहरु बिरुद्ध प्रदर्शन गरेको छ। बैंकको चर्को ब्याज बिरुद्ध जनकपुरधामस्थित जनक चोकबाट उद्योगी व्यवसायी पीडित संघर्ष समितिले निकालेको रैली राष्ट्र बैंक अगाडी पुगेर धर्नामा परिणत भएको थियो। बैंकहरुको चर्को ब्याजदर बिरुद्ध आफूहरुलाई आन्दोलनमा उतरिनु परेको उद्योगी व्यवसायीहरुले बताए।

धर्नामा सम्बोधन गर्दै संघर्ष समितिका संयोजक सुधिर पजियारले नेपालीहरुलाई नेपालमै गरिखान पाउनुपर्ने वातावरण बनाई दिन बैंकहरुसंग आग्रह गर्नु भएको छ। उहाँले व्यापारीहरुले ८ प्रतिशतमा लिएको ब्याज १५ प्रतिशतसम्म पुऱ्याउँदासमेत चुप लागेर बस्नुपर्ने कुराको अन्त्य हुनुपर्ने बताउनु भयो। उहाँले बैंकर्स र वित्तीय संस्थाहरु सामन्ती बनिरहेको आरोप लगाउनु भयो।

उहाँले बैंकको ब्याज दर १० प्रतिशतभन्दा कम हुनुपर्ने, ब्याज बुझाउन थप समय दिनुपर्ने, ब्याज नबुझाएसम्मका लागि डाक निलाम नराख्नुका साथै कलोसूचीमा नराख्न माग समेत गर्नुभयो।

आफूहरुको माग सम्बोधन नभए अहिले सांकेतिक बिरोध गरेका छौं आउने दिनमा थप सशक्त आन्दोलन गर्ने पजियारले चेतावनी दिनुभयो।

# भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ।

**वृष-** अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**मिथुन-** समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ।

**कर्कट** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**सिंह** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ।

**कन्या** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला** -आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**वृश्चिक** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**धनु** - अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**मकर** -लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**कुम्भ**-मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। उपहारआदी प्राप्त हुनेछ।

**मीन** -प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

# ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# जयशंकरको भ्रमणका बेला भएको १० वर्षे ऊर्जा सम्झौता नेपालका लागि किन महत्वपूर्ण ?



नेपाल-भारतबीच भएको उर्जा सम्झौताले लगानी र बजार दुवैको ग्यारेन्टी गर्नुको साथै सन २०२४ मा नेपाल नविकरणीय उर्जा उत्पादन र व्यापारमा आफ्नो क्षमता प्रदर्शन गर्न समर्थ हुने विश्वासिलो वातावरण तयार भएको छ।



रणधीर चौधरी

जलवायु परिवर्तनको सन्दर्भमा हेर्दा सन् २०२३ लाई कोप-२८ को सम्मेलनले नवीकरणीय ऊर्जाको महत्त्वप्रति प्रतिबद्धता जनाउँदै विदा गऱ्यो । विश्वका १९६ मुलुकको सहभागिता रहेको उक्त सम्मेलनमा १४० देशका राष्ट्राध्यक्ष तथा सरकार प्रमुख पनि उपस्थित थिए । राष्ट्राध्यक्ष एउटै मञ्चमा बसेर १२ दिनसम्म जलवायु परिवर्तनवारे गम्भीर बहस गरे र सारा विश्व अब नवीकरणीय ऊर्जामा अघि बढ्ने प्रतिबद्धता जाहेर गरे । अर्थात् ऊर्जा उपभोगको नाममा कार्बन उत्पादनलाई निरुत्साहित गर्ने उद्घोषपछि विश्व सन् २०२४ मा नवीकरणीय ऊर्जा उत्पादनमा केन्द्रित हुन पुगेको छ ।

सुखद संयोग नै मान्नुपर्ला, सन् २०२४ को प्रारम्भमा नेपालले पनि नवीकरणीय ऊर्जाको क्षेत्रमा फड्को मार्नसक्ने सम्भावनाको ढोका खुलेको छ । जनवरी ४ मा नेपालले भारतसँग '१० वर्षमा १० हजार मेगावाट' जलविद्युत्‌रुरु खरिद गर्ने सम्झौता सम्पन्न गरेको छ ।

नेपाललाई पानीको धनी देश भनेर हामीले सुन्दै आएका थियौं र छौं । आधुनिकतासँगै विश्वमा पहिलो जलविद्युत्‌रुरु संयन्त्र संयुक्त राज्य अमेरिकाले निर्माण गऱ्यो । जसको २९ वर्ष पछि अर्थात् सन् १९११ मा नेपालमा पनि जलविद्युत्‌रुरु आयोजना (फर्पिङ) स्थापना भएको इतिहास छ ।

भारतमा सन् १८९८ र चीनमा १९१२ मा पहिलो जलविद्युत्‌रुरु प्लान्टको स्थापना भएको छ । चीनभन्दा एक वर्ष अगाडि नेपालले जलविद्युत्‌रुरु प्लान्ट स्थापना गर्नुमा सबैभन्दा ठूलो कारक तत्त्व थियो नेपालको पानीमा जलविद्युत्‌को अथाह सम्भावना ।

नेपाल जलस्रोतमा धनी छ नै, विश्वमा सबैभन्दा बढी प्रतिव्यक्ति जलविद्युत्‌रुरु क्षमता भएको देश पनि हो । नेपालको अनुमानित शैद्धान्तिक ऊर्जा क्षमता लगभग ८३ हजार मेगावाट छ भनिन्छ । त्यसमध्ये ४३ हजार मेगावाट उत्पादन गर्न सम्भव हुने पनि भनिएको छ । यद्यपि हाल नेपालमा प्रारम्भिक ऊर्जा खपतको ६८ प्रतिशत बायोमास, २५ प्रतिशत जीवाश्म इन्धन, ३.५ जलविद्युत्‌रुरु र बाँकी ३.५ प्रतिशत सौर्य ऊर्जा, बायोग्यास र लघुजलविद्युत्‌रुबाट हुने गरेको छ ।

सन् २०१८ मा आवासीय र औद्योगिक दुवै क्षेत्रका लागि नेपाल विद्युत् प्राधिकरणले १५ वर्षदेखि चल्दै आएको लोडसेडिङ अन्त्यको घोषणा गरेको थियो । तर, त्यसको ४ वर्षपछि नेपालमा फेरि एकपटक लोडसेडिङले नचाहिँदो निरन्तरता पायो । जसको प्रमुख कारण थियो सुख्खायाममा नेपालमा बिजुलीको कम उत्पादन । विकल्पको रूपमा भारतबाट विद्युत ल्याउन खोज्दा उता पनि उत्पादन घटेको थियो ।

दुई वर्ष अघिसम्म नेपालले हिउँद तथा सुख्खायाममा भारतबाट झन्डै ३३ प्रतिशत अर्थात् ४०० मेगावाट विद्युत् आयात गरेको रेकर्ड छ । वर्तमान अवस्थामा नेपालमा निर्माणाधीन विद्युत् आयोजना सञ्चालनमा आइसक्दा नेपालको विद्युत् उत्पादन क्षमता हिउँदमा ४०० मेगावाट पुगेको छ । पछिल्लोसमय नेपालले १० वटा जलविद्युत्‌रुरु आयोजनाबाट भारतमा ४५२ मेगावाट बिजुली निर्यात गर्ने खबरले सम्पूर्ण नेपालीमा उत्साह थपिएको छ ।

विशाल भारतले अहिले पनि ८० प्रतिशत परम्परागत मानिएका जैविक इन्धन, तेल, कोइला र आणविक प्लान्टमार्फत् ऊर्जा उत्पादन गरिरहेको छ । यद्यपि भारतले तीव्र गतिमा नवीकरणीय ऊर्जा उत्पादनमा अर्जुनदृष्टि लगाइसकेको बुझिन्छ । नेपालले भारतमा आर्थिक वर्ष २०२२-०२३ मा १६ अर्ब रूपैयाँ र २०२४ सम्म ३० अर्ब रूपैयाँको बिजुली बेच्ने लक्ष्य राखेको छ । पछिल्लो १० वर्षे सम्झौताले नेपाललाई सक्दो विद्युत् निर्यात गर्ने वातावरण बनाएको छ नै । यसले हाइड्रोपावरमा लगानी गर्न चाहनेलाई पनि उत्साहित बनाएको छ । यो सम्झौता कार्यान्वयन हुँदै जाँदा नेपाल-भारतबीच रहँदै आएको व्यापार घाटालाई सक्दो कम गर्नसमेत मद्दत पुग्नेछ ।

नेपाल-भारतबीच भएको ऊर्जा सम्झौताले लगानी र बजार दुवैको ग्यारेन्टी गर्नुको साथै सन् २०२४ मा नेपाल नवीकरणीय ऊर्जा उत्पादन र व्यापारमा आफ्नो क्षमता प्रदर्शन गर्न समर्थ हुने विश्वासिलो वातावरण तयार भएको छ । यसबाट नेपालले आफ्नो अर्थतन्त्र उकास्न ऊर्जा क्षेत्रबाट योगदान पाउनुका साथै नवीकरणीय ऊर्जा उत्पादनमा विश्वसँग लय मिलाउन सक्ने अवस्थासमेत बनेको सहजै बुझ्न सकिन्छ ।

पेट्रोलियम, ग्यासको कारण ऊर्जा क्षेत्रमा आफ्नो दबदबा बनाएका 'खाडी' देशहरूले त्यसबाटै समृद्धिको उचाइ हासिल गरिरहेका छन् । आज ती मुलुक पनि नवीकरणीय ऊर्जाको विकल्पहीनतालाई मूर्तरूप दिन अगाडि बढिसकेका छन् । जलविद्युत्‌रुरु ऊर्जा एउटा यस्तो क्षेत्र हो, जसले विकासोन्मुख देशको समग्र विकासमा विभिन्न तरिकाले महत्त्वपूर्ण योगदान पुऱ्याएको हुन्छ । महँगो र प्रदूषित जीवाश्म (फोसिल्स) इन्धनमा निर्भरता घटाउन स्वच्छ ऊर्जा उत्पादन गर्नुको विकल्प हुँदैन । यसले देशलाई आफ्नो औद्योगिक क्षेत्र विस्तार गर्न, आर्थिक वृद्धिलाई सहयोग गर्न र नागरिकको जीवनस्तर सुधार्न सहयोग गर्छ ।

नेपालले सन् २०१३ मा 'ऊर्जा भिजन २०५०' तयार पारेको थियो । देशको ऊर्जाको मागलाई दीगोरूपमा पूरा गर्ने लक्ष्य यसमा राखिएको छ । यो स्वदेशी जलविद्युत्‌रुरु र अन्य नवीकरणीय ऊर्जा स्रोतहरूको प्रयोग गरी आयातित पेट्रोलियम पदार्थमा निर्भरता घटाउन केन्द्रित छ । भिजन-२०५० ले जलविद्युत्‌रुलाई दीर्घकालीन ऊर्जा आवश्यकता पूरा गर्ने प्राथमिक स्रोतको रूपमा प्रकाश पारेको छ । जसमा सन् २०२० सम्म ४ हजार १००, २०३० सम्म ११ हजार र २०५० सम्म ३१ हजार मेगावाट विद्युत् उत्पादनको लक्ष्य राखिएको छ ।

यी लक्ष्य हासिल गर्न ऊर्जा क्षेत्रले देशको कूल ग्राहस्थ उत्पादनमा करिब २.४ प्रतिशत योगदान गर्नुपर्ने अनुमान छ । यसलाई सहजै मूर्तरूप दिन नेपाल भारतबीच भएको ऊर्जा सम्झौता कोशेढुङ्गा सावित हुने निश्चित छ ।

नेपाल संयुक्त राष्ट्रसंघको सदस्यका नाताले २०३० सम्म दीगो विकासका लक्ष्य प्राप्ति गर्न प्रतिबद्ध छ । दीगो विकास लक्ष्यका १७ सूचकमध्ये नम्बर ७ ऊर्जा क्षेत्रसँग सम्बन्धित छ । जसमा "सबैका लागि किफायती, भरपर्दो, दिगो र आधुनिक ऊर्जामा पहुँच सुनिश्चित गर्ने" भनी लक्ष्य निर्धारण गरिएको छ ।

यसै सन्दर्भमा नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङले दुई देशबीच भएको सम्झौताले स्थानीयरूपमा उत्पादित विद्युतको बजार सुनिश्चिततालाई लिएर उत्साहित हुँदै भनेका थिए, "अहिलेसम्म नेपालको विद्युत् बजार असुरक्षित रहेको भन्दै लगानीकर्ता हिचकिचाउँथे । यो सम्झौताले अनिश्चितता हटेको छ र यसले स्वदेशी र विदेशी लगानीकर्तालाई यस क्षेत्रमा थप लगानी आह्वान गर्न पक्कै मदत गर्नेछ ।"

पछिल्लो एक दशकदेखि देशका सबै क्षेत्र बेहालको अवस्थामा छन् । जसको समष्टिगत प्रभावका कारण देशको अर्थतन्त्र माथि उक्लन सकेको छैन । बल्ल नेपालले आफूसँग भएको जलविद्युत्‌रुको सर्वोत्तम सम्भावनालाई साकार रूप दिइ बिनारुकावट दश वर्ष ऊर्जा निर्यात गर्न पाउने ढोका खुलेको छ ।

कोप-२८ सम्मेलनपछि जसरी सारा विश्वले नवीकरणीय ऊर्जामा चासो व्यक्त गरेको छ, यसले नेपालको जलविद्युत्‌रुरु क्षेत्रमा मार्ने फड्कोको चर्चासमेत संसारभर हुनेछ । यसले नेपालमा विदेशी मुद्रा संचितीमा समेत उल्लेख्य भूमिका खेल्नेमा शङ्का छैन । नवीकरणीय ऊर्जा नै यस्तो क्षेत्र हो, जसमा एकपटकको लगानीले पुस्तौंसम्म सहज र सहुलियतरूपमा आम मानिसको जीवनमा परिवर्तन ल्याउन सक्छ ।

नेपालमा लोडसेडिङ अन्त्य भएको देखिएता पनि ग्रामीण भेगका गरिब जनताको पहुँचमा अझै विद्युत् पुग्न सकेको छैन । शहरी क्षेत्रका मध्यमवर्गीय जनताले पनि सस्तोमा विद्युत् उपभोग गर्न पाएका छैनन् । गरिब नेपालीले अहिले पनि खाना पकाउन कि त जंगलमा आश्रित हुनुपरेको छ, या त आयातित एलपीजी ग्यासमा । नेपालले मोटरदेखि महँगा गाडी त आयात गर्छ नै, त्यसमा प्रयोग गरिने इन्धन पनि आयातित नै हुने गरेको छ । यस्तोमा विद्युतको उत्पादन र खपत बढाउँदै बिक्री गर्ने उद्देश्य राख्नु नै नेपालको सर्वोत्तम हितमा हुनेछ ।

अन्त्यमा, नेपाल भारतबीच भएको १० वर्षे ऊर्जा व्यापार सम्झौताले जलविद्युत्‌रुरु उत्पादनमा सहयोग पुऱ्याउनेछ । कुनै पनि अर्थतन्त्रको तीन वटा महत्त्वपूर्ण क्षेत्र मानिन्छन् । प्राथमिक क्षेत्र, जो कृषिसँग सम्बन्धित हुन्छ । दोस्रो, औद्योगिक क्षेत्र, जुन उत्पादन वस्तुसँग सम्बन्धित हुन्छ र तेस्रो भनेको सेवा क्षेत्र ।

भारतसँग भएको यो सम्झौतालाई कुशलतापूर्ण तरिकाले कार्यान्वयन गर्ने नियतमात्रै देखाउने हो भने नेपालले यी तीनवटै महत्त्वपूर्ण क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गर्न सक्नेछ ।-(लेखक पिस डेभलप्मेन्ट रिसर्च सेन्टरका कार्यकारी निर्देशक हुन् )


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**लक्ष्मीनिया गाउँपालिका, धनुषा**



## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**औरही गाउँपालिका, धनुषा**

# ३० महिनामा ९ जनाको मृत्यु भइसक्यो तै पनि बनेनन् धनुषाको दुईटा पुल

**रोहित महतो**

**पुस २९ गते, ढल्केवर**

जनकपुर सडकखण्डमा ६ लेनको कालोपत्रे सडक बनेपछि यस क्षेत्रका वासिन्दा खुसी छन्। फराकिलो र धुलोमुक्त चिल्लो सडकले यात्रुहरूको समय बचत भएको छ, रोजगारी बढेको छ, सडक किनारा र आसपासमा जग्गाको भाउ बढेको छ।

यति हुँदाहुँदै पनि यही सडकखण्डमा ६ लेनका दुई वटा पुल निर्माणको काम अलपत्र पर्दा यात्रुहरू हैरान छन्। दुईतिरको फराकिलो बाटोका बीचमा साँघुरो पुलका कारण जनधनको क्षतिका घटना पनि भएका छन्। पुरानो सपही पुल जीर्ण छ। निर्माणको सबै काम पूरा नहुँदै नयाँ पुलमा गाडी चल्न थालेका छन्। त्यस्तै बसही पुल साँघुरो र जीर्ण छ। यहाँ बन्दै गरेको नयाँ पुल चार वर्षदेखि अलपत्र छ।

बितेका तीस महिनामा बसही पुल क्षेत्रमा १२ पटक र सपही पुल क्षेत्रमा २० पटक सवारी दुर्घटना भएको प्रहरीको तथ्यांक छ। ती दुर्घटनामा ९ जनाको मृत्यु भएको र ५३ जना घाइते भएको जिल्ला ट्राफिक कार्यालय, धनुषाले जनाएको छ।

स्थानीय जनप्रतिनिधिहरूका अनुसार यी दुवै पुलमा ससाना दुर्घटना भइरहन्छन्। मृत्यु भएको, गम्भीर घाइते भएको वा सवारी साधनमा ठूलो क्षति भएको घटनामात्र प्रहरीमा पुग्छ।

बसही पुल अलपत्र पर्नुमा निर्माणमा ठेकेदार र सडक डिभिजन कार्यालय दुवै जिम्मेवार रहेको मिथिला नगरपालिका वडा नम्बर ६ का वडाध्यक्ष नन्दकिशोर यादवको आरोप छ। 'हामीले सडक डिभिजन कार्यालय र ठेकेदारलाई पुल छिटो बनाउनुहोस्, पुल नबन्दा धेरै दुर्घटना भयो, जनधनको क्षति भयो भनेर बारम्बार भनेका छौं तर वास्ता गर्दैनन्। उनीहरूले वेवास्ता गरे सडक विभागले ठेकदारलाई काममा लगाउन सक्नुपर्ने हो,' उनी भन्छन्, 'पुलको दुवैतर्फ ६ लेनको राम्रो सडक छ। गाडी तीव्र गतिमा आउँछ। दुई लेनको साँघुरो पुलमा अचानक रोकिनु पर्दा अनियन्त्रित भएर दुर्घटना हुने गरेको छ।'



जिल्ला ट्राफिक प्रहरी कार्यालय, धनुषाका अनुसार आर्थिक वर्ष २०७८/७९ मा निर्माणाधीन पुल क्षेत्रमा भएका १० वटा दुर्घटनामा चार जनाको मृत्यु भयो, २४ जना घाइते भए। आर्थिक वर्ष २०७९/८० मा भएका १३ वटा घटनामा २ जनाको मृत्यु भयो, १५ जना घाइते भए। त्यसैगरी चालु आर्थिक वर्षको पुस पहिलो सातासम्म ९ वटा दुर्घटना हुँदा ३ जनाको मृत्यु भयो, १४ जना घाइते भए।

धनुषाका ट्राफिक प्रहरी प्रमुख रहेका प्रहरी निरीक्षक शेखर कुमार साहका अनुसार तीव्र गतिका कारण पुल निर्माण क्षेत्रमा गाडी दुर्घटना हुने गरेको छ।

बसही खोलामा ६ लेन पुल निर्माणका लागि 'नागार्जुन हेम कन्स्ट्रक्सन जेभी' र तत्कालीन 'जटही-जनकपुर-ढल्केवर ६ लेन सडक कार्यालय, बर्दिबास' बीच सम्झौता भएको थियो। २०७६ साल असार ३१ गते भएको सम्झौतामा २०७८ साल असार ३० गतेसम्म पुल निर्माण पूरा गर्ने भनिएको थियो। मूल्य अभिवृद्धि कर (भ्याट) सहित १४ करोड ८ लाख २२३ रुपैयाँमा ठेक्का सम्झौता भएको थियो तर निर्माण सक्नुपर्ने अवधिमा जग हाल्ने काम पनि पूरा भएन। कार्यालयले ठेकेदारलाई फेरि म्याद थपिदियो।

थपिएको म्यादअनुसार पनि २०८० असार ३० गतेसम्ममा बनिसक्नुपर्ने थियो तर हालसम्मका ३० प्रतिशतमात्रै भौतिक प्रगति भएको छ। ठेकदार कम्पनीले २६ प्रतिशत भुक्तानी लिइसकेको छ।

कोभिड-१९ महामारीपछि ठेकेदारको लापरवाहीले पुल निर्माण हुन नसकेको साइट इन्जिनियर विवेक झाको भनाइ छ।

'कम्पनीले फेरि म्याद थप्न प्रस्ताव गरेको छ। हामीले समयमा काम नगरेकाले ठेक्का किन नतोड्ने भनेर चिठी लेखेका छौं,' झाले भने, 'सुरुमा कोभिड

*बाँकी पृष्ठ २ मा*

# मिथिला लघुवित्त सञ्चालक समितिको अध्यक्षमा मनोज दास चयन

**खबर दर्पण समाचारदाता**

**पुस २९ गते, ढल्केवर**

धनुषाको ढल्केवरमा केन्द्रीय कार्यालय रहेको मिथिला लघुवित्त संस्था लिमिटेडको सञ्चालक समितिको अध्यक्ष पदमा मनोज दास चयन भएका छन्।

शनिबार लालगढको बौवा होटलको सभाकक्षमा सम्पन्न १५ औं वार्षिक साधारणसभाबाट उनी अध्यक्ष पदमा सर्वसम्मतिबाट चयन भएका हुन्।

साधारणसभाले अध्यक्षमा दाससहित सातजना पदाधिकारी सर्वसम्मतिबाट चयन गरेको छ।

यस्तै, सदस्यहरुमा दिनेश राय, किशोरी साह, मन्दिरा आचार्य, पुजाकुमारी सिंह, दुर्गाप्रसाद सिंह दनुवार र सर्वसाधारण शेयर धनीबाट विनोद साह चयन भएका छन्।

संस्थाको पूर्व अध्यक्ष श्यामप्रसाद साहको अध्यक्षता तथा मिथिला नगरपालिकाकी नगर उपप्रमुख सुनितासिंह बुढाथोकीको प्रमुख आतिथ्यमा साधारणसभा सम्पन्न भएको छ।



सो साधारणसभाको विशिष्ठ अतिथिमा ऋद्धिसिद्ध बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष राजलाल महतो, अतिथिमा मिथिला नगरपालिका-७ का वडाध्यक्ष रामबहादुर स्याङ्दनलगायत अतिथि, संस्थाका पदाधिकारीलगायत सदस्यहरुको उपस्थिति रहेको थियो।


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**क्षीरेश्वरनाथ नगरपालिका, धनुषा**

## R S सिनेमा हल बर्दिवासमा
प्रदर्शन भईरहेको छ
**क्याप्टन मिलेर**
शो समय १२-३ , ३-६ र ७-१० बजे





खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा